# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रावतकट्टे, डोटी
## सुदूरपश्चिम प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

**(सूचना नं. १६/२०८१-०८२, मिति: २०८१/०९/२५)**

नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस जोरायल गाउँपालिकाको रोजगार सेवा केन्द्रमा रिक्त रहेका पदहरुमा तपसिल बमोजिमको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

१. **पदको विवरण:**

| क्र.सं. | किसिम | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खुला | ०३-२०८१/०८२ | रोजगार संयोजक | अधिकृतस्तर छैठौं | १ (एक) | |
| २ | खुला | ०४-२०८१/०८२ | प्राविधिक सहायक | सहायकस्तर पाँचौं | १ (एक) | |

२. **आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

- **रोजगार संयोजक:** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।
- **प्राविधिक सहायक:** सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण गरेको ।

३. **अनुभव र सीप:**

- कम्तिमा आधारभूत कम्प्युटर सीप सम्बन्धी ३ महिने तालिम लिएको ।
- प्राविधिक सहायकको हकमा पूर्वाधारको मर्मत/स्तरोन्नतिका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको परिणाम र लक्ष्य हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएकोलाई ग्राह्यता दिइने ।

४. **आवश्यक कागजात:** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रमाणपत्रको प्रतिलिपिहरु:

- उमेदवारको व्यक्तिगत विवरण(CV)
- नेपाली नागरिकताको प्रमाणपत्र
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरु
- अनुभव खुल्ने प्रमाणपत्रहरु
- २ प्रति पासपोर्ट आकारको फोटो
- राजश्व तिरेको बैंक रसिद

५. **छनौटको किसिम:** प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन, लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।

६. **उमेर हद:** दरखास्त दिने अन्तिम मिति सम्ममा रोजगार संयोजकको हकमा २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको र प्राविधिक सहायकको हकमा १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको ।

७. **दरखास्त दिने स्थान:** जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रावतकट्टे, डोटी ।

८. **दरखास्त दिने अन्तिम मिति:** २०८१।१०।१० गते कार्यालय समय भित्र ।

९. **सेवा सुविधा:** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा (१८), (१९) र स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा (१३), (१४) बमोजिम ।

१०. **करार अवधी:** २०८२ असार मसान्त सम्म ।

११. **दरखास्त दस्तुर: रोजगार संयोजक:** रु.१०००।०, **प्राविधिक सहायक:** रु.७००।० (कृषि विकास बैंक जोरायल शाखामा रहेको यस जोरायल गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०८२७१०१३४६८३६१०६ मा रकम जम्मा गरेको सक्कल भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ)

**नोट: दरखास्त फाराम र छनौट परीक्षाको पाठ्यक्रम यस कार्यालयबाट उपलब्ध हुनेछ । साथै यस कार्यालयको वेवसाइट** www.jorayalmun.gov.np **बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ । थप जानकारीको लागि मोवाइल नं. ९८५८४२७६५४ मा सम्पर्क गर्न सकिनेछ ।**

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत